## समाजको संस्कृतिमा सुधार गर्नु

मण्डली परमेश्वरको राज्य, उहाँको सुसमाचार र उहाँको प्रेम यस पृथ्वीमा ल्याउने माध्यम हो। अनि खम्बाहरू पाठ्यक्रममा, मण्डली हाम्रो लागि अगुवाहरूको रूपमा अध्ययनको एक धेरै महत्त्वपूर्ण विषय बन्छ, किनकि हामी प्रत्यक्ष रूपमा मण्डलीमा काम गरिरहेका हुन्छौं वा चाहे हामी अर्को सेवकाईमा काम गरिरहेका भए पनि मण्डलीहरूसँग साझेदारीमा काम गरिरहेका हुनेछौं। महत्त्वपूर्ण कुरा यो हो कि मण्डलीले त्यो जुन समाज र संस्कृतिमा छ त्यसअनुसार आफैलाई बुझ्नुपर्छ। प्रायः, एक मण्डलीको रूपमा हामी केवल आफूलाई र हाम्रा आफ्नै मानिसहरूलाई हेर्छौं, अनि परमेश्वरले हामीलाई वास्तवमा एउटा समाजमा, एउटा संस्कृतिमा, एउटा देशमा, एउटा क्षेत्रमा राख्नुभएको छ भन्ने कुरा भुल्छौं, र हामी त्यो संस्कृतिमा मण्डलीको भूमिकालाई कसरी हेर्छौं? मण्डलीलाई समाजलाई सुधार गर्न, संस्कृतिमा सुधार गर्न बोलाइएको हो। यर्मिया २९:११ साँच्चै एउटा सुपिचित पद हो। मैले त्यो पढिरहनु पर्दैन होला, किनकि तपाईंले त्यो कण्ठ गरिसक्नुभएको छ।

तर यो कुरा सुन्नुहोस्। यहाँ परमप्रभु अगमवक्ता यर्मियाद्वारा बोल्दै हुनुहुन्छ। “किनकि जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका उन्नतिका निम्ति हुन्, नोक्सानीका निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई।” यर्मिया २९ अध्यायले चर्चा गरेको मण्डली र संस्कृतिको बारेमा कुरा गर्दा हाम्रो लागि यो कथा धेरै महत्त्वपूर्ण हुन्छ। परमेश्वरको राष्ट्रको रूपमा इस्राएल कैद गरी लगिएको थियो, र तिनीहरू यो घटनाबाट धेरै अचम्मित बने, किनकि तिनीहरूको मन्दिर नष्ट गरिएको थियो, तिनीहरू कैदमा परेका थिए, र जब तिनीहरू एक जनताको रूपमा बेबिलोनमा प्रवेश गर्छन्, तब बेबिलोन राष्ट्र वास्तवमा तिनीहरू भन्दा धेरै उन्नत भएको तिनीहरूले महसुस गर्छन्। यो प्राविधिक रूपमा, वास्तुकलाको हिसाबले उन्नत छ, र मानिसहरूको यो समूह, परमेश्वरका चुनिएका मानिसहरूले आफूलाई विदेशी भूमिमा, विदेशी राष्ट्रमा, र विदेशी देवताहरूको पूजा गर्ने राष्ट्रमा पाउँछन्।

अनि यहूदीहरूले हामी यो संस्कृतिमा कसरी जिउने? हामी यो समाजमा कसरी जिउने? हाम्रो प्रतिक्रिया के हुनुपर्छ? भनेर निर्णय गर्नुपर्छ। अनि पहिले, तिनीहरू बेबिलोनबाट प्रभावित छन्, र बेबिलोनमा मूल रूपमा जाति(राष्ट्र)हरूलाई जित्ने र तिनीहरूलाई भित्र ल्याउने र ती मानिसहरूलाई प्रभावित गरी बेबिलोनी बनाउन कोसिस गर्ने नीति त्यस्तै थियो। अनि बेबिलोन आएपछि तिनीहरूले भने, “तिमीहरू सफल जीवन बिताउन सक्छौ, तर केवल मिसिएर बस। आफ्नो धर्म र आफ्ना परमेश्वरद्वारा मात्र आफूलाई नचिनाओ। हामीसँग मिसिएर बस। हामीले राख्ने गरेका नाउँहरू राख, र हामी तिमीहरूलाई सफल हुन दिनेछौं।“

एक अर्थमा, परमेश्वरका अनुयायीहरूको रूपमा आफ्नो विशेष पहिचान छोडिदेओ। परमेश्वरले भन्नुभएको छ, “सुन, तिमीहरू मेरो राष्ट्रको रूपमा बढदैजाओ भन्ने म चाहन्छु,” र बेबिलोनले भन्दैछ, “होइन, म चाहन्छु तिमीहरू आफ्नो पहिचानमा घटदैजाओ।” आज पनि त्यही सन्देश र मौका छ। मण्डली समाज र संस्कृतिमा छ, समाजले भनिरहेको छ, “सुन, हामीसँग मिसिएर बस। यति फरक नदेखिओ। यति फरक नैतिक स्थिति नराख। सुसमाचारमा यस्तो विशिष्टता नराख। हामीसँग मिसिएर बस। हाम्रा तरिकाहरू अँगाल।” अनि यसरी मिसिएर बस्दा मण्डली धेरैवटा समाजमा राम्ररी, सहजतासाथ र द्वन्द्वमा नपरी अस्तित्वमा रहन सक्छ। अनि यहूदीहरूका निम्ति विदेशी भूमिमा उनीहरूसँग मिसिएर बस्ने वास्तविक मौका र प्रभाव छ, ठीक त्यसरी नै मण्डलीले पनि त्यस्तो विकल्पको सामना गर्नुपर्छ, त्यसपछि उनीहरूको सामु अर्को विकल्प प्रस्तुत गरिन्छ। केही यहूदी अगमवक्ताहरू खडा भएर भन्छन्, “सुन, यो डरलाग्दो छ, तर यो लामो समयसम्म रहनेछैन।” त्यसपछि तिनीहरू भन्छन्, “दुई वर्षमा यो सबै समाप्त हुनेछ।” अनि अगमवक्ताले भन्छन्, “टाढा बस। टाढा जाओ। त्योभन्दा बढी पहिचानको भावना नगुमाओ। बेबिलोनबाट आफूलाई अलग राख। यसबाट फाइदा उठाओ। यसबाट जे प्राप्त गर्न सक्छौ त्यो लेओ, तर बेबिलोनलाई सहायता नगर। यो केवल छोटो समयको लागि हो, र त्यसपछि समाधान

आउनेछ। परमेश्वरले हामीलाई छुटकारा दिनुहुनेछ।" त्यही विचार आज मण्डलीका लागि प्रभावको रूपमा अवस्थित छ। जहाँ मण्डलीले यसो भन्न सक्छ, "तपाईंलाई थाहा छ, समाज खराब छ, र समाज दुष्ट छ, तर यो क्षण लामो समयसम्म रहँदैन, र परमेश्वरले हामीलाई बचाउनुहुनेछ, त्यसैले हामी आफूलाई अलग्गै राख्छौं। हामी आफूलाई हटाउनेछौं। हामी आफैलाई आश्रय दिनेछौं। हामी बाँच्नका लागि हाम्रो सहर वा हाम्रो समुदायबाट जति सक्छौं फाइदा उठाउनेछौं, तर हामी हाम्रो समाजबाट सुरक्षित रूपमा जिउनेछौ।" यी यहूदी अगमवक्ताहरूले त्यही कुरा भनिरहेका थिए।

यी दुई विकल्पहरू हुन्, र ती आजका पनि दुई विकल्पहरू हुन्। के तपाईं मण्डलीको रूपमा समाजमा मिसिनुहुनेछ? के तपाईं आफूलाई अलग्गै राख्नुहुनेछ र मण्डलीको रूपमा समाजबाट आफूलाई जोगाउनुहुनेछ, जहाँ तपाईं संलग्न हुनुहुन्न र प्रायः समाजसँग रिसाउनुहुन्छ? यर्मिया खडा हुन्छन्, र तिनले मण्डलीलाई, ती यहूदीहरूलाई तेस्रो विकल्प दिन्छन्। अनि यो यस्तो विकल्प हो, जुन मण्डलीको रूपमा हाम्रो लागि पनि छ। यर्मिया २९:४ मा यर्मियाले यस्तो लेख्छन्। परमेश्वर भन्नुहुन्छ, त्यहाँ जीवन निर्माण गर। त्यहाँ उपस्थिति होओ। संख्यामा बढ। पद ७ ले भन्छ, परमेश्वरको राज्यले परिभाषित गरेअनुसार यसको समृद्धिको खोजी गर। पद ८ ले भन्छ, यो सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वरले भन्नुहुन्छ,"मैले तिनीहरूलाई पठाएको होइनँ।" परमप्रभु भन्नुहुन्छ, यी योजनाहरू तिमीहरूका उन्नतिका निम्ति हुन् र तिमीहरूको हानि गर्न होइन। तिमीहरूलाई आशा र भविष्य दिने योजनाहरू हुन्। मुख्य रूपमा यर्मिया भन्दैछन्, "सुन, तिमीहरू एउटा उद्देश्यले यहाँ राखिएका छौ।"

त्यो उद्देश्य धेरै महत्त्वपूर्ण छ, र उहाँले हाम्रो भूमिका के हो र परमेश्वरले हामीद्वारा कसरी काम गर्नुहुनेछ भनी बताउँछन्। मण्डली त्यहाँ मिसिनका लागि, अलग्गिनका लागि होइन, तर मण्डली समाजलाई सुधार गर्न त्यहाँ छ। यस खण्डमा, तिनी हामीलाई मण्डलीले खोजी गर्नुपर्छ, सक्रिय हुनुपर्छ भनी सिकाउँछन्। हामीले परमेश्वरको राज्यद्वारा हाम्रा सहरहरू, हाम्रा समुदायहरू र हाम्रा छिमेकीहरूलाई आशिष् दिने पहल गर्नुपर्छ। परमेश्वरले हामीलाई त्याग्नुभएको छैन, र उहाँले हामीलाई एक्लै छाड्नुभएको छैन। तपाईंहरूमध्ये कोही-कोही धेरै कठिन परिस्थितिमा हुनुहुन्छ। तपाईंहरूमध्ये कतिले धेरै ठूलो सतावटको सामना गर्नुहुन्छ। अनि यर्मियाको यो खण्ड सीधै तपाईंको लागि हो, जहाँ परमेश्वरले तपाईंलाई त्याग्नुभएको छैन। त्यहाँ आशिष्ले तपाईंलाई पर्खिरहेको छ। तर त्यो आशिष् तपाईं आफ्नो समाजमा मण्डलीको भूमिकालाई कसरी हेर्नुहुन्छ भन्ने कुरामा छ। यदि समाज समृद्ध हुन्छ भने, तपाईं पनि समृद्ध हुनुहुनेछ।

यर्मियाले हामीलाई मण्डलीको पहिचान दिन्छन्। तपाईंलाई थाहा छ, बाइबलमा, यरूशलेमलाई परमेश्वरको सहरको रूपमा हेरिएको छ, र बेबिलोनलाई मानिसको सहरको रूपमा पनि हेरिएको छ। परमेश्वरको सहर यरूशलेममा, हामी सेवा गर्छौं। मानिसको सहर बेबिलोनमा तपाईं त्यहाँ आफ्नो लागि नाउँ बनाउनलाई हुनुहुन्छ। यस्तो दोहोरो नागरिकता छ। म अर्कै देशमा हुर्केको थिएँ, अर्कै देशमा जन्मेको थिएँ। त्यसैले मलाई दोहोरो नागरिकता पाउने मौका मिल्यो। तपाईंहरूमध्ये केहीसँग दोहोरो नागरिकता छ। ख्रीष्टियनको रूपमा, हामीसँग दोहोरो नागरिकता छ। हामी यस पृथ्वीमा हाम्रो देशका नागरिक हौं, तर हामी परमेश्वरको राज्यका नागरिक हौं। परमेश्वरको राज्यका नागरिकको रूपमा, हामी हाम्रो देशका सबैभन्दा असल नागरिक हुनुपर्छ। हामीले प्राप्त गर्न सक्ने कुराका लागि हाम्रो छिमेकी र हाम्रो राष्ट्रको शोषण गर्ने नागरिक होइन, जुन धेरै नागरिकहरूले गर्ने गर्छन्। अलग्गिने र बेवास्ता गर्ने नागरिक होइन, जुन अरू नागरिकहरूले गर्ने गर्छन्। तर परमेश्वरको राज्यका नागरिक भएको कारण आफ्नो राष्ट्र र आफ्नो समुदायप्रति प्रतिबद्ध नागरिकहरू हुनुपर्छ। यो खण्डले हामीलाई तपाईं यो कसरी गर्नुहुन्छ भनी सिकाउँछ। बेबिलोन जस्तै परमेश्वरको राज्यको प्रतिनिधित्व नगर्ने समाजमा मण्डली कसरी राखिएको छ?

तपाईं यो कसरी गर्नुहुन्छ? यो कथाले वास्तवमा हामीलाई यो कार्य गर्ने तीनवटा तरिका दिन्छ। हामी संलग्न हुन्छौं, हामी प्रभाव पार्छौं, र हामी सुधार गर्छौं। पहिले हामी संलग्न हुन्छौं। पद ५ हेर्नुहोस्। यसले भन्छ, "घरहरू बनाओ र बसोबास गर। बगैंचाहरू लगाओ र तिनले उब्जाएका गरेका फलहरू खाओ।" यो वास्तवमा यो एक प्रकारले येशूले गर्नुभएको कामको नमुना हो।

येशूले हामीलाई टाढा बसेर उद्धार गर्नुभएन। उहाँ ओर्लेर आउनुभयो र हामीसँग संलग्न हुनुभयो, देहधारण गर्नुभयो। उहाँ हामीजस्तै बन्नुभयो। उहाँले सायद घर बनाउनुभयो। उहाँले सायद बगैंचा लगाउनुभयो। त्यहाँ धर्मशास्त्रको एउटा सत्य छ जुन मण्डलीको लागि यति महत्त्वपूर्ण छ, किनकि मण्डली त्यसमा संलग्न हुन्छ। त्यो यही हो कि बाइबलले भन्छ, जो ममा हुनुहुन्छ उहाँ संसारमा हुने भन्दा महान् हुनुहुन्छ। ममा हुनुहुने परमेश्‍वरका आत्माको शक्ति संसारमा हुने दुष्टको शक्तिभन्दा महान् छ। त्यस कुराले मलाई घरहरू बनाउन र बगैंचा लगाउन र विनाडर समाजमा संलग्न हुन सक्षम बनाउँछ। म जान्दछु, कि म मेरो आत्मा र मनमा सुरक्षित छु। म जान्दछु, कि म परमेश्‍वरद्वारा सुरक्षित गरिएको छु। म जान्दछु, म यो संसारमा संलग्न हुनुपर्छ। तर संलग्न हुनुको साथै, म यो संसारलाई प्रभाव पार्न पनि बोलाइएको छु। पद ६ हेर्नुहोस्। "विवाहबारी गरेर छोराछोरी जन्माओ। आफ्ना छोराहरूका निम्ति बुहारीहरू ल्याओ, र छोरीहरूको विवाह गरिदेओ, र तिनीहरूले छोराछोरीहरू जन्माऊन्। त्यहाँ आफ्नो संख्या बढाओ। घटेर नजाओ।" तिनी भन्दैछन्, "सुन, एउटा मण्डलीको रूपमा, उपस्थितिको प्रतिष्ठा प्राप्त गर। तिमीहरूको पहिचान थाहा पाइओस्।" कुनै-कुनै संस्कृतिहरूमा, कुनै-कुनै समाजहरूमा, यो काम गर्नु धेरै गाह्रो छ र यसलाई कसरी लागू गर्नका निम्ति बुद्धि चाहिन्छ।

तर यसको पछाडिको भावना भनेको हामी उपस्थिति कायम राख्न चाहन्छौं, चाहे त्यो परिवारसँग होस् वा सहरसँग, जहाँ हामी हाम्रो समाजको लागि बहुमूल्य सम्पत्ति बन्छौं। जहाँ हाम्रो समाजले हामीलाई गुमाउन चाहँदैन। जसरी राजाले दानियललाई गुमाउन चाहेनन्, किनकि तिनी परमेश्‍वरद्वारा अभिषेक गरिएका थिए र तिनले राष्ट्रमा योगदान दिएका थिए। यदि छिमेकमा रहेको यो मण्डली कुनै बेला हटाउन खोजियो भने छिमेकीहरूले भन्नेछन्, "होइन, हामी त्यो मण्डली गुमाउन चाहँदैनौं।" प्रत्येक छिमेक क्षेत्रले राम्रो अस्पताल चाहन्छ। प्रत्येक छिमेक क्षेत्रले आफ्ना छोराछोरीका लागि राम्रो स्कूल चाहन्छ। प्रत्येक छिमेक क्षेत्रले राम्रो पार्क पनि चाहन्छ, जहाँ मानिसहरू खेल्न र आराम गर्न सक्छन्। यदि मण्डली, जुनसुकै ढाँचामा होस्- चाहे भवनमा, घरमा जहीं भए पनि यदि त्यो वरपरको समाजसँग यस्तै प्रकारले संलग्न भयो भने, त्यस्तो प्रभाव पार्‌यो भने त्यो कस्तो देखिन्थ्यो होला, जहाँ मानिसहरूले भन्नेछन्, "हामी यी मानिसहरूलाई गुमाउन चाहँदैनौं।" पहिलो शताब्दीमा, मण्डली त्यतिबेला चिनिएको थियो जब सम्पूर्ण समाजमा महामारी फैलियो।

पहिलो शताब्दीको मण्डली बिरामीहरूको हेरचाह गर्नेहरू मानिसहरूको रूपमा चिनिएको थियो। केही ख्रीष्टियनहरू मरे र आफ्नो ज्यान गुमाए, किनकि उनीहरूले महामारीबाट पीडितहरूको हेरचाह गरेका थिए। अरू सबै मानिसहरू सहरहरूबाट भागे र पहाडहरूमा गए, तर ख्रीष्टियनहरू महामारी फैलिएको ठाउँमा बसे, किनकि उनीहरूको काम सहरको शान्ति र समृद्धि खोज्नु, संलग्न हुनु र प्रभाव पार्नु हो भनी जान्दथे। हाम्रो समाजमा मण्डलीको रूपमा हाम्रो पहिचान भनेको यही हो। हामी केवल आफूलाई हेर्दैनौं। हामी ख्रीष्टियनहरूलाई अझ राम्रो बनाउनका निम्ति कार्यक्रमहरू गर्न मात्र खोज्दैनौं। हामी भन्छौं, "हामी आफ्नो समाजलाई कसरी सुधार्न सक्छौं? हामी यहाँ बगैंचा लगाउनका निम्ति कसरी हामीद्वारा परमेश्‍वरको अधिकार र शक्तिमा विश्‍वास गर्छौं? हामी यहीं बस्छौं र हामी कतै जाँदैनौं। हामी आफ्नो पहिचान बनाउन कसरी प्रभाव पार्छौं? मैले गएको र देखेको केही धेरै कठिन क्षेत्रहरूमा पनि मानिसहरूले भन्छन् कि उनीहरूले, अर्थात् मण्डलीले ल्याउने कुराहरू महत्त्वपूर्ण हुन्छन्।

मण्डलीले हाम्रो समुदायमा जुन कुरा ल्याउँछ त्यसको महत्त्व हुन्छ।" अनि त्यसपछि यर्मिया भन्छन्, "केवल संलग्न नहोओ। केवल प्रभाव मात्र नपार।" तर वास्तवमा यो जान कि परमेश्वरले तिमीहरूलाई छुटकारा दिन( सुधार ल्याउन) प्रयोग गर्न सक्नुहुन्छ। पद ७ हेर्नुहोस्। "मैले तिमीहरूलाई निर्वासित गरेको सहरको भलो चिताओ, र त्यसका निम्ति परमप्रभुसित प्रार्थना गर। किनकि त्यसको उन्नति भएकोमा नै तिमीहरूको उन्नति हुनेछ।" यो "उन्नति र शान्ति" शब्द सुन्नुहोस् र त्यसको वास्तविक अर्थ बुझ्नुहोस्। यर्मियाले "सुन, सहरलाई प्राकृतिक रूपमा सफल बनाउने कोसिस गर" मात्र भनिरहेका छैनन्। परमेश्वरका मानिसहरूको रूपमा, परमेश्वरको राज्यको प्रभाव, एउटा यस्तो समृद्ध शान्ति, खीष्टबाट आउने शान्ति ल्याओ, एउटा यस्तो समृद्धि जहाँ जीवन र परिवारहरू असल हुन्छन् अनि आमाबाबु र छोराछोरीहरू स्वस्थ र समृद्ध हुन्छन्, जहाँ न्याय र अनुग्रह, क्षमा, प्रेम र दयाको राज्यका सबै गुणहरू मण्डली भनिने मानिसहरूको समुदायबाट बाहिर निस्कन थाल्छन्, किनकि जब तिनीहरूले आफूलाई हेर्छन्, त्यस बेला तिनीहरूले हामी केवल निर्वासनमा छैनौं। हामी यस समाजमा रोपिएका छौं। हामी केवल हाम्रा मुक्तिदाता फर्किआउने बाटो हेरेर बसेका छैनौं। हामी यहाँ एउटा उद्देश्यका निम्ति छौं भनी जान्नेछन्।

हामीसँग दोहोरो नागरिकता छ। अनि हाम्रो नागरिकताको अर्थ यो हो कि यस पृथ्वीका नागरिकको रूपमा, यस राष्ट्रका नागरिकको रूपमा, हामी यस देशमा परमेश्वरको नागरिकता ल्याउँछौं। अनि त्यसपछि उहाँले मण्डलीलाई यो प्रतिज्ञा दिनुहुन्छ। यदि हामी प्रभु नआउन्जेलसम्म शान्तिपूर्ण र सजिलो समय बिताउनका लागि मात्र समाजसँग मिसिने मण्डली बन्छौं भने, यदि हामी समाजबाट अलग्गिने र त्योसँग संलग्न हुनबाट जोगिने, समाजको खराब प्रभावबाट अलग रहेर हाम्रो आफ्नै धर्मलाई अलग राख्ने मण्डली बन्छौं, र जसले, "होइन, म मिसिने छैनँ। म बेवास्ता गर्नेछैनँ। म मेरो समाजलाई सुधार्न खोज्नेछु" भन्छौं भने, यहाँ परमेश्वरले दिनुभएको प्रतिज्ञा छ जहाँबाट हामी सुरु गर्छौं। पद ११, "किनकि जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका उन्नतिका निम्ति हुन्, नोक्सानीका निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई।"

त्यो प्रभुको प्रतिज्ञा हो। तपाईं जान्नुहुन्छ, जब हामी खीष्टको मृत्युको अध्ययन गर्छौं तब हामी सबैले जान्दछौं कि उहाँ गधामा सवार भएर सहरमा प्रवेश गर्नुभयो। अनि एक राजाको रूपमा, उहाँ त्यो सहरलाई छुटकारा दिन आउनुभयो। बाइबलले स्पष्ट बताएअनुसार हामी जान्दछौं कि उहाँलाई सहर बाहिर क्रूसमा टाँगिएको थियो। मानौं, येशू हामीलाई परमेश्वरको सहर र मानिसको सहर दुवैमा पुऱ्याउनका निम्ति सहर बाहिर क्रूसमा टाँगिनुभएको थियो। अनि खीष्टले स्वेच्छाले, उहाँको आफ्नै प्रकारले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा जे गर्नुभयो त्यसद्वारा यर्मिया २९:११ को वचनअनुसार जिउन तयार हुनुहुन्थ्यो। उहाँ यस पृथ्वीमा निर्वासनमा आउनुभयो। जुन बेला तपाईं र म, हामी बेबिलोन थियौं। र उहाँ हामीसँग मिसिनुभएन। हामी निश्चित रूपमा यो कुरा जान्दछौं।

तर उहाँले आफूलाई हामीबाट अलग गर्नुभएन। उहाँले बगैंचा लगाउनुभयो। उहाँले घरहरू बनाउनुभयो। उहाँ हामीसँग सामेल हुनुभयो। उहाँ हामीसँग संलग्न हुनुभयो। उहाँले हामीलाई प्रभाव पार्नुभयो। उहाँले हामीलाई छुटकारा दिनुभयो। अनि अब उहाँ भन्नुहुन्छ, "मण्डली सुन, संसारका धेरैजसो क्षेत्रहरूमा परिस्थितिहरू धेरै कठिन भएको यो समयमा, जब तिमीहरूमध्ये धेरैले धेरै कठोर देश र समुदायहरूमा मण्डलीहरूको नेतृत्व गर्दैछौ र साँच्चै सतावट छ, तब बुझ कि परमेश्वरसँग तिमीहरूको लागि एउटा उद्देश्य छ। आफूलाई संसारमा मिसाउने वा त्यसबाट अलग हुने परीक्षामा नपर। एक अगुवाको रूपमा यो सन्देश हाम्रा मानिसहरूलाई बताउनु धेरै जरूरी छ। मण्डलीका अगुवाहरूको रूपमा, हामी सायद यो कुरा बुझ्छौं। हामी हाम्रा मण्डलीहरूको नेतृत्व गर्छौं। हामी यो कुरा बुझ्छौं। तर हाम्रो मण्डलीका सदस्यहरूले पनि यो कुरा बुझ्नु र तिनीहरूको पनि एउटा उद्देश्य छ भनी

विश्वास गर्नु साँच्चै आवश्यक छ। एक अर्थमा हाम्रो बोलावट तिनीहरूलाई तिनीहरूका बोलावट बुझ्न सहायता गर्नु हो। तिनीहरू मण्डली हुन्। अनि परमेश्वरसँग तिनीहरूका लागि असल योजनाहरू छन्।

तर धेरै ख्रीष्टियनहरू कठिनाइहरूको सामना गर्नुपर्दा आफू अरूसित मिसिने वा अलग गर्ने परीक्षामा परेका पाउँछन्। अनि तिनीहरूलाई यर्मियाको यो सन्देश प्रस्तुत गर्ने तपाईं जस्ता आत्मिक अगुवाहरू चाहिन्छ। समाजलाई बचाउन मण्डली त्यहाँ छ, अनि तिनीहरू त्यहाँ जवानहरूको रूपमा, पतिहरूको रूपमा र जीवनसाथीहरूको रूपमा, छिमेकमा परिवारहरूको रूपमा छन्। फलस्वरूप, हामी परमेश्वरको शान्ति र उहाँको राज्यको समृद्धि अनुभव गर्नेछौं।